नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड ६, संख्याः १५, फाल्गुण ३० गते, २०७९ साल**

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि,२०७९

**गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९**

**प्रस्तावना :**

सिद्धलेक गाउँपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुँच सबै गाउँवासीहरूमा पुऱ्याउने उद्धेश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता संस्था हरूको स्थापना तथा दर्ता गर्ने सम्वन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सिद्धलेक गाउँपालिका स्थानीय जलस्रोत ऐन २०७५ उपदफा (५) बमोजिम कार्य गर्ने गरी सिद्धलेक गाउँ कार्यपालिकाबाट खानेपानी उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि,२०७९ बनाईएको छ ।

**१. सँक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

१) यस कार्यविधिको नाम “खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७९ रहेको छ ।

२) यो कार्यविधि सिद्धलेक गाउँपालिका भित्र लागु हुनेछ ।

३) यो कार्यविधि तत्काल प्रारम्भ हुने छ ।

**२. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “खानेपानी” भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनु पर्छ ।

ख) “अध्यक्ष” भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

ग) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सिद्धलेक गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

घ) “संस्था” भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था सम्झनु पर्छ ।

ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गतबनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. उपभोक्ता संस्था दर्ता गर्नुपर्ने :** स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रूपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता गरेर मात्र उपभोक्ता संस्था स्थापना गर्नुपर्नेछ । **यस कार्यविधि बमोजिम दर्ता गराउदा कसैले पनि उपभोक्ता संस्था स्थापना गर्नु हुँदैन ।**

**४. खानेपानीको मुल दर्ता गर्नुपर्ने :** गाउँपालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट सङ्कलन गरी खानेपानी व्यवस्थापन गर्नुपर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता संस्था दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी सङ्कलन गर्ने उत्पादनको मुख्यश्रोत मुहान (मुल) दर्ताको लागि गाउँपालिका समक्ष माग गर्नु पर्नेछ । माग भएपछि निम्न अनुसारको ६ (छ) सदस्यीय संस्थाले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको अनुमती दिन सक्नेछ ।

१) संयोजक – गाउँपालिका अध्यक्ष

२) सदस्य – गाउँपालिका उपाध्यक्ष

३) सदस्य – सम्बन्धित वडाको अध्यक्ष

४) सदस्य – वडाअध्यक्षले तोकेको सम्बन्धित वडाको सदस्य (महिला)

५) सदस्य –प्राविधिक शाखा को ईन्जिनियर

६) सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत

**५. संस्था दर्ता :**

(१) संस्था दर्ता गर्न चाहने सात जना वा सो भन्दा बढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका अध्यक्ष समक्ष अनुसूची-१ अनुसारको विधान तयार गरी अनुसूची-२ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

क) संस्थाको नाम,

ख) उद्धेश्यहरू,

ग) संस्था का सदस्यहरूको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपी

घ) कार्यालयको ठेगाना,

ङ) संस्था सञ्चालनको विधि र प्रक्रिया

(२) उपदफा (१) बमोजिमको निवेदन सहित वडाको सिफारीस, सर्जमिनि मुचुल्का, अन्य दावी विरोध नरहेको आम भेलाको स्वघोषणा तथा निर्णय सहित को विवरण प्राप्त भएपछि दफा ४ को संस्था को निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जांचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ (पैतिस) दिनभित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जांचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहरिएमा सो संस्था दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिईने प्रमाण-पत्रको ढाँचा अनुसूची-२ बमोजिम हुने छ । नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

(६) दर्ता भएको संस्था प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नवीकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १,०००।- (एक हजार), नवीकरण दस्तुर वार्षिक रु ५००।- (पाँच सय) तिर्नु पर्नेछ । संस्था ले समयमा नवीकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु.२००।- (दुई सय रूपैयाँ) थप लाग्नेछ ।

**६. संस्था सङ्गठित मानिने :**

(१) यस कार्यविधि अन्तर्गत दर्ता भएको संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुने छ । सो संस्था को सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**७. संस्थाको सम्पत्ती :**

(१) संस्था को सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्था को विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ती दुरूपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्था लाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्था को सम्पत्ती फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) संस्था को सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्था को कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था वा संस्था को कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ ।

**८. यस अघि दर्ता भई वा नभई स्थापना भएका संस्था ले दर्ता गर्ने :**

(१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भइ वा नभई स्थापना भईरहेका संस्था ले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो

कार्यविधि बमोजिम सुचीकृत गराउनु पर्नेछ । सूचिकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रूपमा पेस गर्नु पर्नेछ ।

**९. संस्था को उद्धेश्यहरूमा हेरफेर :**

(१) संस्था को उदेश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्था लाई कुनै अर्को संस्था मा गाभ्न उचित देखेमा सो संस्थाले तत्सम्बन्धी प्रस्ताब तयार पारी सो प्रस्ताब उपर छलफल गर्न संस्था को विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ ।

(२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारणसभाबाट पारित भएको मानिनेछ ।
तर, सो प्रस्ताब लागू गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**१०. संस्था को वर्गीकरण :-** दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरूको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता संस्थाको बर्गिकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग)

२) ५०१ देखि १००० जनासम्म उपभोक्ता सदस्य भएको (ख वर्ग)

३) ५०० जनासम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

**११. तदर्थ संस्था गठन गर्न सकिने :-** यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता संस्था हरूले तोकिए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्ता संस्था गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ संस्था वा अवधि पुरा भएका उपभोक्ता संस्था हरूलाई विघटन गरी सञ्चालन नियमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरू मध्येबाट तदर्थ संस्था गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

**१२. सङ्घ गठन गर्न सकिने :-** दर्ता स्वीकृति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था हरू मध्येबाट एक उपभोक्ता संस्था लाई एक सदस्य मानी गाउँ स्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता सङ्घ गठन गरी सोही सङ्घको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पुर्ण उपभोक्ता संस्था हरूलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

**१३. हिसाबको विवरण पठाउनु पर्ने** :उपभोक्ता संस्था ले आफनो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक बर्ष गाउँपालिकामा पठाउनु पर्नेछ ।

**१४. हिसाब जाँच गर्ने :**

(१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्था को हिसाव आफुले नियुक्ति गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असुल गरी लिन सक्ने छ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्था को पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेस गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्था को कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।
तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्नेछ ।

**१५. निर्देशन दिने :** गाउँपालिकाले संस्था लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१६. दण्ड सजाय :**

(१) दफा (४) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्था का सदस्यहरूलाई गाउँपालिकाले जनही पाँच हजार रूपैया सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (१३) बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध संस्था का सदस्यहरूलाई गाउँपालिकाले जनही एक हजार रूपैयासम्म जरिवाना गर्न सक्नेछ ।
तर, कुनै सदस्यले दफा (१३) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेस गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१४) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँचहजार रूपैँया सम्म जनही जरिवाना गर्न सक्नेछ ।

(४) दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई संस्था को उदेश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उदेश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१७. पुनरावेदन :** दफा (१६) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१८. संस्थाको विघटन वा त्यसको परिणाम :**

(१) संस्था को विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्था को सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्था को दायित्वको हकमा सो संस्था को जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ ।

(३) उपदफा (१) बमोजिम विघटन भएको संस्था को दायित्व संस्था को जायजेथाले नभ्याएमा नपुग दायित्व संस्था का पदाधिकारीको जायजेथाबाट प्रचलित कानुन अनुरूप असुल उपर गरिनेछ ।

**१९. नियम बनाउने अधिकार :** यस कार्यविधिको उद्धेश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

**२०. विघटन तथा सञ्चालन :** संस्थाले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसंस्था चयन हुन नसकेमा उक्त कार्यसंस्था को स्वतः विघटन भएको मानी अर्को कार्यसंस्था चयन नभए सम्म गाउँपालिकाले तोकेको तदर्थ संस्था बाट संस्था सञ्चालन गर्नेछ ।

**२१. खारेजी र बचाउ :** खानेपानी उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि लागु हुनु पुर्व जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका संस्था यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

## अनुसूची-१
### (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
### विधानको ढाँचा
### ...............खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको
### विधान २०७९

**प्रस्तावना :**

स्वच्छ खानेपानी र स्वस्थ वातावरणको समस्या र आवश्यकतालाई ध्यानमा राखेर उपलब्ध सीमित श्रोत र साधनबाट निर्माण हुने भएका आयोजनाहरूको दीर्घकालीन उपयोग गराई स्थानीय बासिन्दाहरूलाई खानेपानी सुविधा पुऱ्याउन, सरसफाईको स्तर बृद्धि गराउन र जीवनस्तर उठाउन मद्दत पुऱ्याउने उद्देश्यले वागमती प्रदेश धादिङ जिल्ला सिद्धलेक गाउँपालिका............................. का स्थानीय खानेपानी उपभोक्ता तथा सरसफाई समूहको आपसी सरसल्लाह र सहमतिमा ...............खानेपानी तथा सरसफाई उपभोक्ता संस्था गठन गरी आयोजनालाई स्थायित्व दिनको लागि यो विधान तयार गरी जारी गरिएको छ ।

यस विधानमा निम्नानुसारका नियमहरू हुने छन् :

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** यो विधानको नाम ...............खानेपानी तथा सरसफाई उपभोक्ता संस्था को विधान २०..... रहने छ ।

क) ठेगाना :

ख) यो विधान सिद्धलेक गाउँपालिका जलश्रोत समितिमा दर्ता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।

२. **परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यो विधानमा उल्लेख भएको शब्दहरूले निम्न बमोजिमको अर्थ बुझाउने छ ।

क) "विधान" भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता सस्थाको विधान २०...... लाई जनाउने छ ।

ख) "संस्था" भन्नाले यस विधान बमोजिम गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था भन्ने सम्झनु पर्दछ ।

ग) "आयोजना क्षेत्र" भन्नाले आयोजना लागु भई उक्त आयोजनाबाट प्रत्यक्ष लाभ पुऱ्याउने क्षेत्र मात्र सम्झनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले यो विधान बमोजिम गठन भएको संस्थाको अध्यक्ष भन्ने जनाउँछ ।

ङ) "उपाध्यक्ष" भन्नाले यो विधान बमोजिम गठन भएको संस्थाको उपाध्यक्ष भन्ने जनाउँछ ।

च) "कोषाध्यक्ष" भन्नाले यो विधान बमोजिम गठन भएको संस्थाको कोषाध्यक्ष भन्ने जनाउँछ ।

छ) "सचिव" भन्नाले यो विधान बमोजिम गठन भएको संस्थाको सचिव भन्ने जनाउँछ ।

ज) "सदस्य" भन्नाले यो विधान बमोजिम गठन भएको संस्थाको सदस्य भन्ने जनाउँछ ।

झ) "पदाधिकारी" भन्नाले यो विधान बमोजिम गठित संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य पदहरूलाई जनाउँछ ।

ञ) "कोष" भन्नाले संस्थाको उपभोक्ताहरूबाट सङ्कलन गरेको रकम र आयोजना सम्बन्धी कामबाट प्राप्त वा अन्य श्रोतहरूबाट प्राप्त रकमलाई जनाउँछ ।

ट) "उपभोक्ता संस्था" भन्नाले ओगट्ने क्षेत्र भित्रको प्रत्येक घरधुरीबाट १८ वर्ष पुरा भएको एकजनाको दरले बनेको उपभोक्ताहरूको समूहलाई जनाउँछ ।

ठ) “सहयोगी संस्था” भन्नाले आयोजना छनौट देखि लिएर सर्वेक्षण, डिजाइन, लगत ईष्टिमेट तयार पारी निर्माण कार्यमा आर्थिक तथा प्राविधिक रूपले सहयोग गर्ने सरकारी वा गैरसरकारी संस्थालाई जनाउँछ ।

**उपभोक्ता संस्था र समूह :**

३. **संस्थाको उद्देश्य :** समिति गठनको देहाय बमोजिम उद्देश्यहरू रहने छन् ।

क) सम्बन्धित क्षेत्रमा निर्माण हुन लागेको वा सम्पन्न भएको खानेपानी आयोजनाको संरक्षण एवं सम्बर्द्धन गर्ने ।

ख) आयोजना निर्माण वापत प्राप्त रकमको उचित परिचालन गर्ने ।

ग) आयोजना मर्मत सम्भार तथा सुचारु रूपले सञ्चालन गर्नको निमित्त उपभोक्ताहरूसँग नियमित रूपमा रकम सङ्कलन गरी संस्थको कोषमा जम्मा गर्ने ।

घ) उपयुक्त एवं भरपर्दो किसिमको खानेपानी तथा सरसफाई आयोजनाको स्थापना, सञ्चालन, मर्मत संभार एवं विकास गर्ने ।

ङ) आयोजना मर्मत संभार तथा रेखदेखको निमित्त उपभोक्ता संस्थाकै श्रोतबाट पारिश्रमिक दिने गरी आवश्यक मर्मत संभार कार्यकर्ता अनिवार्य रूपमा राखी नियमित रूपमा आयोजनाको रेखदेख गर्न लगाउने ।

च) सहयोगी संस्था (सरकारी वा गैरसरकारी) लाई समुदाय परिचालन एवं आवश्यक जनसहभागिताको व्यवस्था गर्न गराउन सहयोग गर्ने ।

छ) खानेपानी सम्बन्धी कुनै विवाद आएमा समाधान गर्ने, गराउने ।

ज) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरूलाई सचेत गराउने तथा जनचेतना अभिबृद्धि गर्ने

झ) उपयुक्त व्यवस्थापनको कमी कमजोरीका कारण खानेपानी आयोजनालाई हानी नोक्सानी भै सेवा बन्द भएमा पूर्ण रूपले जिम्मेवार हुने ।

ञ) आयोजना सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

४. **उपभोक्ता संस्थाको भेला :**

क) साधारणतया उपभोक्ता समूहको भेला कम्तीमा बर्षमा २ पटक हुनेछ ।

ख) आयोजना क्षेत्रको २० प्रतिशत सदस्यहरूले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा वा समितिका सम्पूर्ण सदस्यको वहुमतले उपभोक्ता संस्थाको भेला बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिनभित्र उपभोक्ता समितिको भेला बोलाउनु पर्नेछ ।

ग) उपभोक्ता संस्थाको भेला हुने मिति, समय, स्थान अध्यक्षले तोकेबमोजिम हुनेछ ।

घ) उपभोक्ता संस्थाको भेलाको अध्यक्षता संस्थाको अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा संस्थाका सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

ङ) उपभोक्ता संस्थाको भेला ३ (तीन) दिन अगावै सबै उपभोक्ताहरूलाई भेला हुने स्थान, समय, मिति र सो भेलामा छलफल हुने विषयहरू समेत खुलाई सार्वजनिक रूपमा जानकारी दिईनेछ ।

च) साधारणसभाको लागि सम्पूर्ण उपभोक्ता संख्याको ५० प्रतिशत उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

छ) पहिलो पटक सूचना दिई गराईएको भेलामा बस्दा गणपुरक संख्या नपुग भएमा दोश्रो पटक ३ (तीन) दिनको म्याद दिई भेला हुने पुनः सूचना दिईनेछ ।

ज) यसरी गणपुरक संख्या नपुगी दोश्रो पटकको सूचना बमोजिम भेला हुँदा कुल उपभोक्ता संख्याको २५ प्रतिशत उपभोक्ताहरूको उपस्थितिलाई गणपुरक संख्या पुरा भएको मानिनेछ ।

झ) अन्यथा उल्लेख भए बाहेक कुनै पनि निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट गरिने छ ।

५. **उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार :**

क) आयोजना निर्माण, सञ्चालन र मर्मत सम्भारका लागि आवश्यक विधान पारित गरी लागु गराउने ।

ख) उपभोक्ता संस्थाको भेलाद्वारा उपभोक्ताहरू मध्येबाट समितिको पदाधिकारीहरू तथा सदस्यहरू छनौट गर्ने ।

ग) संस्थाको खर्चको लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

घ) आयोजनाको आर्थिक श्रोतको आधारमा उपभोक्ता संस्थाले तयार गरी पेस गरेको वार्षिक आय व्ययको अनुमान स्वीकृत गर्ने ।

ङ) आयोजनाको दीर्घकालीन सञ्चालनका लागि आवश्यक पर्ने काम कार्यवाहीमा संस्थालाई सहयोग पुऱ्याउने ।

**६. खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको गठन :**

ख) आयोजना क्षेत्रभित्रका उपभोक्ताहरूको भेलाले सबै धाराबाट प्रतिनिधित्व हुने गरी आफु मध्येबाट एक खानेपानी तथा सरसफाई उपभोक्ता संस्था गठन गर्नेछ । सो समितिको पदाधिकारी मध्ये कम्तीमा एकजना महिला प्रतिनिधित्व समेत सम्पूर्ण सदस्य संख्याको न्यूनतम ३३ प्रतिशत (एक तिहाई) महिला प्रतिनिधित्व हुनु पर्नेछ । यसरी समिति गठन गर्दा सो क्षेत्रमा सम्पूर्ण उपभोक्ताहरू मध्ये ५० प्रतिशत भन्दा बढी घरधुरीका उपभोक्ताहरूको उपस्थितिबाट छनौट भएको हुन ुपर्नेछ । आयोजनाको साइज अनुसार ५ देखि ११ सदस्यीय उपभोक्ता समिति गठन गर्न सकिनेछ ।

ख) यसरी गठित समितिका पदाधिकारीहरू र सदस्यहरू निम्न बमोजिम हुनेछन् ।

१) अध्यक्ष १
२) उपाध्याक्ष १
३) कोषाध्यक्ष १
४) सचिव १
५) सदस्य बढीमा ७ जनासम्म

ग) उपभोक्ता संस्थाको पदाधिकारीहरूको पदावधि चार वर्षको हुनेछ र कुनै पदाधिकारी पुनः छनौट हुन सक्नेछ ।

**७. खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका पदाधिकारीहरूको योग्यता :**

क) परिपक्व, सक्रिय र संस्थाको कामको लागि समय दिन सक्ने ।

ख) विभिन्न उपभोक्ता समूहको प्रतिनिधित्व गर्न सक्ने ।

ग) उपभोक्ताहरूलाई सङ्गठन गर्न सक्षम भएको ।

घ) गाउँले वा उपभोक्ताहरूको आदर, विश्वास प्राप्त भएको ।

ङ) आफ्नो घर आँगन सरसफाई गर्ने बानी भएको, चर्पी बनाउने वा चर्पी बनाउने जोश जाँगर भएको, फोहर मैलाको उचित तरीकाबाट तह लगाउने जस्ता स्वास्थ्य तथा सरसफाईको काममा सधैं अगुवा भै गाउँलेहरूको बीच उदाहरणको रूपमा प्रस्तुत हुन सक्ने ।

च) तालिममा सहभागी हुन सक्ने र खानेपानी आयोजनाको तर्जुमा, निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भारमा निरीक्षण, मूल्याङ्कन तथा अनुगमन जस्ता विभिन्न कार्यका लागि व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्न सक्ने ।

छ) दृश्य वा अदृश्य रूपमा खानेपानी आयोजना वा अन्य ठेकेदारी काममा संलग्न नभएको वा हुन नहुने ।

ज) समितिका पदाधिकारीहरू साधारणतया लेखपढ गर्न सक्ने हुनु पर्नेछ ।

**८. संस्थाका पदाधिकारीहरूको अयोग्यता :**

क) मानसिक वा शारीरिक रूपले अस्वस्थ भएको ।

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाँय पाएको ।

**९. उपभोक्ता संस्थाको भेला :**

क) उपभोक्ता संस्थाको भेला कम्तीमा ३ महिनामा १ पटक (बर्षको ४ पटक) बस्नेछ । आवश्यकता अनुसार थप भेला राख्न सकिनेछ ।

ख) संस्थाको भेला अध्यक्षले तोकेको समय, मिति र स्थानमा सचिवले बोलाउनेछ ।

ग) संस्थाको भेलाको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि अनुपस्थिति रहेमा समितिको भेलामा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

घ) संस्थाको भेलामा ५० प्रतिशत सदस्यहरूको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

ङ) उपभोक्ता संस्थाको भेलाको सूचना भेला बस्नु भन्दा कम्तिमा ३ दिन अगावै समितिका सदस्यहरूलाई दिनु पर्नेछ ।

च) पहिलो पटक सूचना गरी बसेको उपभोक्ता संस्थाको भेलामा गणपुरक संख्या नपुगेमा दोश्रो पटक पुनः ३ दिनको सूचना गरिनेछ ।

छ) दोश्रोपटक सूचना गरी बोलाइएको भेलामा ३५ प्रतिशत सदस्यहरूको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

ज) अन्यथा उल्लेख भए बाहेक कुनै पनि निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट गरिनेछ ।

झ) भेला सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

१०. **विशेष भेलाको व्यवस्था :** ३५ प्रतिशत भन्दा बढी सदस्यले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिनभित्र विशेष भेला बोलाउनेछ ।

११. **उपभोक्ता संस्थाको काम कर्तव्य र अधिकार :** उपभोक्ता संस्थाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) उपभोक्ता संस्थाको भेलाले पारित गरेको निर्णयहरू सम्बन्धित सहयोगी संस्थाहरूमा पठाउने र सो को कार्यान्वयन गर्ने, गराउने ।

ख) संस्थाको प्रतिनिधित्व गरी आयोजनाको सम्झौता गर्ने ।

ग) नेपाल सरकार तथा दातृ संस्थाबाट उपलब्ध साधन श्रोतको परिचालनको साथै आयोजनालाई आवश्यक पर्ने स्थानीय श्रोत साधन समेत उपलब्ध गर्न गराउन सम्बन्धित सहयोगी संस्थालाई सहयोग गर्ने ।

घ) आयोजनाको निर्माण अवस्था देखि नै व्यवस्थित रूपमा सरसफाई कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।

ङ) आयोजना शुरु हुँदा देखि नै आवश्यक मात्रामा जनसहभागिता जुटाउने व्यवस्था मिलाउने ।

च) मर्मत सम्भार कोष खडा गर्नको लागि आयोजनाको प्रतिधारा न्यूनतम रु.१०००।- का दरले उपभोक्ताहरूबाट सङ्कलन गर्ने ।

छ) आयोजनाको मर्मत संभार गर्न तथा मर्मत संभार कार्यकर्ता परिचालन गरी आयोजना सुचारु रूपले सञ्चालन गर्नको लागि उपभोक्ताहरूसँग नियमित रूपले प्रत्येक महिना रकम सङ्कलन गरी समितिको कोषमा जम्मा गर्ने ।

ज) आयोजनाको मूल, जग्गा तथा पाईप लाईन सम्बन्धी वा अन्य कुनै कुराको विवाद उठेमा सोको समाधान गर्ने र सोको जानकारी संबन्धित सहयोगी संस्थामा दिने ।

झ) आयोजना सुचारु रूपले सञ्चालन गर्न तथा रेखदेख गर्नका लागि आवश्यक संख्यामा मर्मत संभार कार्यकर्ताको छनौट गर्ने र निजको पारिश्रमिक तोक्ने तथा सो को जानकारी सम्बन्धित सहयोगी संस्थामा दिने ।

ञ) संस्थाको आफ्नो कार्य नियमित एवं सुचारु रूपले सञ्चालन गर्न आवश्यकता परेमा आफ्नो मातहतमा उपसमिति गठन गर्न सक्नेछ ।

ट) आयोजना हस्तान्तरण भई सकेपछि थप धाराहरूको माग भै आएमा पानीको श्रोत पर्याप्त भै पानी सञ्चालनमा कुनै बाधा नपर्ने भएमा समितिको भेलाबाट निर्णय गराई सम्बन्धित सहयोगी संस्थाबाट स्वीकृति लिई थप धारा दिन सक्नेछ ।

ठ) आयोजनाको हानी नोक्सानी गर्ने व्यक्तिलाई उचित कार्यवाही गर्ने र दण्ड जरिवाना तोक्ने ।

ङ) आयोजनामा प्राकृति प्रकोप जस्तैः भुकम्प, बाढी पहिरो आदिले क्षति गरेमा मर्मत संभार गरी सो को सम्बन्धित सहयोगी संस्थालाई जानकारी दिने र समितिले गर्न नसक्ने भएमा पुन: निर्माणका लागि गाउँपालिका कार्यालयमा रितपूर्वक माग गर्ने ।

ढ) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरूलाई सचेत गराउने तथा सोबारे जनचेतना अभिबृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

ण) फोहर फाल्ने खाडल, चर्पी आदि आयोजना क्षेत्रका घरपरिवार तथा सार्वजनिक स्थलहरूमा बनाउने तथा बनाउन लगाउने ।

त) मर्मत कार्यकर्ता एवं स्वयंसेवक तथा स्वयंसेवीकाहरूको सहयोगबाट खानेपानी प्रणालीको सञ्चालन संभारको साथै स्वास्थ्य शिक्षा, सरसफाई एवं वातावरण संरक्षण अभियान सुचारु रूपले सञ्चालन गर्ने तथा चालु राख्ने ।

थ) आय-व्ययको हिसाब राम्रोसँग राखी वार्षिक रूपमा लेखा परीक्षण गराउने र सो को अनुमोदनका लागि उपभोक्ता समूहको भेलामा राख्ने र त्यसको जानकारी सम्बन्धित सहयोगी संस्थालाई पठाउने ।

द) संस्थाको कोष व्यवस्थित बनाउन बैंकमा खाता खोली रकम जम्मा गर्ने र आवश्यक परेको बेलामा समितिबाट पास गराई झिक्ने ।

ध) संस्थाको कुनै पद रिक्त हुन आएमा उपभोक्ता समूहको भेला नभए सम्मका लागि उपभोक्ता समूह मध्येबाट संस्थाको भेलाले त्यस्तो पदमा मनोनित गर्ने र पछि उपभोक्ता संस्थाको भेलाबाट सो को अनुमोदन गराउने ।

न) समिति वा स्थानीय उपभोक्ताबाट गराउने भनी मन्जुर गरिएको काम प्रत्यक्ष वा अप्रत्यक्ष तवरले अन्य ठेकेदारबाट गर्न वा गराउन पाईने छैन ।

प) यी माथी उल्लेख गरिएको बाहेक समितिको अन्य काम कर्तव्य र अधिकार उपभोक्ता समूहको भेलाले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

१२.१ अध्यक्ष : अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) उपभोक्ता समूह र उपभोक्ता संस्थाको भेलाको अध्यक्षता गर्नु प्रत्येक निजी वा सार्वजनिक धाराबाट पानी महसुल सङ्कलन गर्ने र सो रकमको कोष बाँधी आयोजना सञ्चालन समेत संभार कार्यमा प्रयोग गर्ने ।

ख) उपभोक्ता समूह र उपभोक्ता संस्थाको भेला हुने मिति, समय र स्थान तोक्ने, आयोजना निर्माण मर्मत अवधिमा उ.स.ले गरेको कार्यको सहयोगी संस्थाबाट भएको भुक्तानी विवरण, निर्माण सामग्री, कार्य संलग्न कामदारहरूको पुरा तथा आंशिक ज्याला भुक्तानी तथा जनश्रमका छुट्टाछुट्टै विवरण राख्ने तथा भुक्तानी भएको रकम कोषमा जम्मा गर्ने ।

ग) आयोजना संस्थाको भेलामा मत बराबर भए निर्णायक मत दिने ।

घ) आयोजना बारे दैनिक जानकारी राख्ने ।

ङ) समय समयमा सहयोगी संस्थालाई आयोजनाको अवस्था बारेमा जानकारी गराउने ।

च) आफ्नो समूहका उपभोक्ताहरूसँग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

**१२.२ उपाध्यक्ष :** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले सम्हालेको सम्पूर्ण कार्य गर्ने ।

ख) अध्यक्षलाई कार्य सम्पादनमा सहयोग पुऱ्याउने ।

ग) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायित्वको लागि विभिन्न कार्य गर्ने ।

घ) आफ्नो समूहका उपभोक्ताहरूसँग सम्पर्क राखी आयोजना सम्बन्धि जानकारी लिने, दिने र भेलालाई जानकारी गराउने ।

**१२.३ कोषाध्यक्ष :** कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क)	अध्यक्षको निकटतम सम्पर्कमा रही कार्य गर्ने ।
ख)	संस्थाको नाममा जम्मा हुन आएको चल-अचल, नगद, जिन्सी आदि सम्पत्तिको जिम्मा लिई त्यसको हिसाब किताब तथा श्रेस्ता अद्यावधिक राख्ने ।
ग)	संस्थाको आर्थिक कारोबारको रेखदेख र नियन्त्रण गर्ने ।
घ)	प्रत्येक महिनाको आम्दानी र खर्चको फाँटवारी तयार गरी दुरुस्त राख्ने ।
ङ)	प्रत्येक वर्ष कम्तीमा वर्षको एक पटक उपभोक्ता समूहको भेलामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई खर्चको अनुमोदन गराउने ।
च)	अध्यक्षसँग संयुक्त दस्तखतमा बैंकमा समितिको खाता खोली सञ्चालन गर्ने ।
छ)	खानेपानी तथा सरसफाई आयोजना सञ्चालनमा नियमानुसार उपभोक्ता संस्थाको दायित्व पुरा गर्न श्रोत परिचालन गर्ने काम लगायत अन्य काममा अध्यक्षलाई सहयोग र सल्लाह दिने ।
ज)	आफ्नो समूहमा उपभोक्ताहरूसँग सम्पर्क राखी आयोजना संबन्धी समय समयमा जानकारी लिने, दिने र भेलालाई जानकारी गराउने ।
झ)	अन्य आवश्यक तोकिएको काम गर्ने ।

१२.४ **सचिव :** सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क)	समितिको निर्णय बमोजिम उपभोक्ता समूहको भेला बोलाउने ।
ख)	अध्यक्षको आदेश बमोजिम उपभोक्ता समितिको भेला बोलाउने ।
ग)	उपभोक्ता समूह र संस्थाको भेलाको छलफल तथा निर्णयहरूको अभिलेख राख्ने ।
घ)	उपभोक्ता समूह र उपभोक्ता संस्थाको भेलाको निर्णयहरू प्रमाणित गर्ने ।
ङ)	उपभोक्ता संस्थाको भेलामा संस्थाको बार्षिक प्रतिवेदन पेस गर्ने ।
च)	विधान, नीति र निर्णय अनुरूप उपभोक्ता संस्थाको तर्फबाट लेखापढी गर्ने ।
छ)	आफ्नो समूहका उपभोक्ताहरूसँग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने, दिने र भेलालाई जानकारी गराउने ।
ज)	उपभोक्ताहरूको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनुमति लिई अन्य आवश्यक कार्य गर्ने ।

१२.५ **सदस्यः** सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क)	संस्थाको भेलामा सक्रिय रूपले भाग लिने ।
ख)	अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायित्वको निमित्त कार्य गर्ने ।
ग)	आफ्नो समूहका उपभोक्ताहरूसँग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने, दिने र भेलालाई जानकारी गराउने ।
घ)	आयोजना सम्बन्धी कुनै समस्या आइपरेमा उचित तवरले समाधान गर्न प्रयत्न गर्ने ।
ङ)	संस्था र उपभोक्ता समूहको भेलाले निर्णय गरेका कुराहरू कार्यान्वयन गर्न सहयोग गर्ने ।

१२.६ **सल्लाहकारको व्यवस्था :** उपभोक्ताहरूको भेलाले संबन्धित आयोजना भित्रका उपभोक्ताहरू वा आयोजना भित्रका उपभोक्ताहरू नभएका तर गाउँमा प्रतिष्ठित व्यक्तिहरूसँग सल्लाह लिन आवश्यक ठानेर राख्न चाहेमा बढीमा ३ जना सम्म सल्लाहकार राख्न सक्नेछन् । तर यस्ता सल्लाहकारहरूको निर्णय गर्ने अधिकार भने हुने छैन ।

१३. **कोषको व्यवस्था :** संस्थाको कोषको श्रोत देहाय बमोजिम हुनेछ :
क)	संस्थाको कुनै श्रोतबाट प्राप्त चन्दा, पुरस्कार, आर्थिक सहायता तथा अनुदान ।
ख)	दण्ड जरिवानाबाट उठेको रकम ।
ग)	संस्थाको प्राप्त गरेको ऋण ।
घ)	उपभोक्ताहरूबाट उठाइएको पानी महशुल लगायत अन्य रकम ।
ङ)	निर्माण वा अन्य श्रोतबाट आयोजनामा बचत भएको रकम वा अन्य श्रोतबाट प्राप्त रकम ।

**१४. मर्मत संभार कोष (अक्षय कोष) :**

क) प्रति धारा न्यूनतम रु.....................उपभोक्ताहरूबाट सङ्कलन गरी एक मर्मत संभार कोष खडा गरिनेछ ।

ख) यो कोषको रकम मुद्दती खातामा राखी यसको ब्याजबाट आएको रकम साधारण कोषमा दाखिला गरी अत्यावश्यक भएमा मर्मत संभारको लागि झिक्न सकिनेछ ।

**१५. साधारण कोष (बचत/चालुखाता) :**

क) आयोजनाको कार्य सञ्चालनका लागि मर्मत संभार कोषको ब्याजबाट प्राप्त रकम तथा पानी महशुल उठाई प्राप्त गरेको रकम लगायत अन्य श्रोतबाट प्राप्त रकम सबै रकम जम्मा गरी एक साधारण कोष खडा गरिनेछ ।

ख) संस्थाको तर्फबाट गरिने सबै खर्च यसै कोषबाट ब्यहोरिनेछ ।

ग) यो कोषको सञ्चालन उपभोक्ता संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ।

**१६. चल, अचल सम्पत्ति :**उपभोक्ता संस्था एक अविच्छिन्न उत्तराधिकारी भएको हुँदा आयोजना निर्माण हुनु अघि र पछि समितिको नाममा प्राप्त सबै प्रकारको चल अचल सम्पत्ति उपर संस्थाको स्वामित्व हुनेछ ।

**१७. लेखापरीक्षण :**

क) संस्थाको खर्चको लेखा परीक्षण प्रत्येक वर्ष आश्विन महिना भित्र उपभोक्ता समितिको भेलाले नियुक्त गरेको लेखा परीक्षकबाट गराउनु पर्नेछ ।

ख) लेखापरीक्षणको प्रतिवेदन अनिवार्य रूपमा गाउँपालिकामा पठाउनु पर्नेछ ।

**विविध**

**१८. अविश्वासको प्रस्ताव :**

क) संस्थाको कुनै वा सबै पदाधिकारी विरुद्ध पद अनुसारको आचरण नगरेको भनी उपभोक्ता समूहका २५ प्रतिशत ले लिखित निवेदन संस्थामा दर्ता गरेमा अध्यक्षले निवेदन दर्ता भएको ७ दिन भित्र उपभोक्ता समूहको भेला बोलाउनेछ र सो भेलामा खानेपानी योजनाबाट लाभान्वित हुने कम्तीमा ५० प्रतिशत घरधुरी संख्याको सदस्य उपस्थित हुनु पर्नेछ । यसरी उपस्थित सदस्यको २/३ बहुमतले सो प्रस्ताव पारित गरेमा निज पदाधिकारी आफ्नो पदबाट हट्नेछ ।

ख) तर उपभोक्ता समूह वा संस्थाको अविश्वासको प्रस्ताव राखेको त्यस्तो पदाधिकारीलाई आफ्नो सफाई पेस गर्ने मौका दिईनेछ ।

**१९. सदस्यताबाट मुक्त हुने अन्य अवस्था :**

क) मृत्यु भएमा ।

ख) बसाई सरी अन्यत्र गएमा ।

ग) कुनै पदाधिकारी आफ्नो पदबाट हट्न चाही अध्यक्ष समक्ष राजीनामा पेस गरेमा तथा त्यस्तो राजीनामा समितिको बहुमतबाट स्वीकृत भएमा ।

घ) कुनै पदाधिकारी मनासिव कारण नदेखाई विना सूचना लगातार ४ पटकसम्म समितिको भेलामा अनुपस्थित भएमा त्यस्तो पदाधिकारीलाई समितिको निर्णयानुसार पदबाट मुक्त गर्न सकिनेछ ।

ङ) मानसिक असन्तुलन भएमा वा बौलाएमा ।

**२०. संस्था भंग हुन सक्ने अवस्था :** उपभोक्ता समूहको भेलामा उपस्थित ५० प्रतिशत भन्दा बढी घरधुरी संख्याको उपभोक्ताहरू मध्ये दुई तिहाई उपभोक्ताहरूको सहमतिबाट संस्थाले राम्रो काम गरेको छैन भन्ने ठानेर हालको उपभोक्ता समिति भंग गर्ने निर्णय गरेमा त्यस्तो संस्था भंग हुनेछ । तर आयोजनाको काममा बाधा पर्न नदिन तुरुन्त सोही भेलाले अर्को समिति गठन गर्नु पर्नेछ ।

**२१. विधान संशोधन तथा नियमावली तर्जुमा :**

क) यस विधानमा दफाहरू आवश्यकता अनुसार संशोधन गर्नु परेमा समितिले संशोधन गरी उपभोक्ता समूहको भेलाद्वारा अनुमोदन गराउनु पर्नेछ । यसरी उपभोक्ता समूहको बहुमतले

पारित गरेको संशोधन सम्बन्धी प्रस्ताव स्थानीय प्रशासन कार्यालयको स्वीकृती भएको मितिदेखि लागु हुने छ ।

ख) संस्थाले यो विधान बमोजिमको उद्देश्य प्राप्त गर्न अन्य नियम आफै बनाउन सक्नेछ ।

ग) यो विधान प्रारम्भ हुँदा बहाल रहनेको संस्था यसै विधान बमोजिम गठन भएको मानिनेछ ।

**२२. खारेजी बचाउ :**

क) यो विधान पारित भई लागू हुन अगाडि उपभोक्ता संस्थाको भेलाबाट निर्णय भई सम्पादन भएका कार्यहरू यसै विधान बमोजिम भए गरेसरह मानिनेछ ।

ख) यस विधान अन्तर्गत गठीत उपभोक्ता संस्था आयोजना सञ्चालन रहने अवधिभर कायम रहने छ ।

ग) कुनै परिस्थितिमा संस्था कायम रहन नसक्ने अवस्था आईपरेमा संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारको हुनेछ ।

घ) यस विधानमा नभएको वा प्रचलित नेपाल कानूनसँग बाझिएको हकमा प्रचलित नेपाल कानून बमोजिम र अरु कुराका हकमा यसै विधान बमोजिम हुनेछ ।

**२३. आयोजना सम्बन्धी संक्षिप्त परिचय :**

क) आयोजनाको नाम : ...............खानेपानी तथा सरसफाई उपभोक्ता संस्था

ख) आयोजनाको क्षेत्र : ...............................................

ग) मुहानको नाम तथा ठेगाना : ........................................

घ) पानी उपभोग गर्ने घर संख्या :

ङ) पानी उपभोग गर्ने वर्तमान जनसंख्या :

च) सहयोगी संस्थाको नाम तथा ठेगाना :

## अनुसूची-२
## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
## निवदन पत्रको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू,
सिद्धलेक गाउँपालिका, धादिङ ।

महोदय,

हामीले................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि २०७९ दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रूपैयाँ दस्तुर सहित दरखास्त दिएका छौँ ।

विवरण:

१. उपभोक्ता संस्थाको नाम:

२. कार्यक्षेत्र:

३. उद्देश्यहरू:

(क) (ख) (ग)

४. सदस्यहरूको नाम ठेगाना पेशा र ना.प्र.प.नं.

(क) (ख)

(ग) (घ)

(ङ) (च)

(छ)

५. उपयोग गरिने जलस्रोतको विवरण:

(क) जलस्रोतका नाम र रहेको ठाउँ:

(ख) जलस्रोतबाट गरिने प्रयोग:

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाण:

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोग:

६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण:

(क) सेवाको किसिम:

(ख) सेवा पुऱ्याउने क्षेत्र:

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या:

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना:

७. आर्थिक स्रोतको विवरण:

८. कार्यालयको ठेगाना:

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त
दिनेको सही:
नाम:
पद:
ठेगाना:

सिद्धलेक गाउँपालिका

**अनुसूची-३**

**(दफा ५ को उपदफा ५ सँग सम्बन्धित) उपभोक्ता संस्था दर्ता प्रमाण-पत्र**

**सिद्धलेक गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**बुङचुङ, धादिङ**

दर्ता नम्बरः

मितिः.....................

श्री (सम्बन्धित उपभोक्ता संस्थाको नाम)

..................................

..................................

खानेपानी तथा सरफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७९को दफा (५) को उपदफा (२) बमोजिम..................साल...................महिना...............गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, खानेपानी तथा सरफाई उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

सही :

नाम, थर :

पद :

सिद्धलेक गाउँपालिका